नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय
Public Expenditure and Financial Accountability Secretariat

पत्रसंख्या:०७४/७५ सूत्र        चलानी नं. ९२        मितिः २०७४।११।२१

**विषय: स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को जिल्लास्तरीय प्रशिक्षण सम्बन्धमा**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
७४ (काठमाण्डौ उपत्यका बाहेक) ।

स्थानीय तहको आर्थिक कारोवारको व्यवस्थापनको लागि विकास गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) सञ्चालनका लागि प्रत्येक जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयबाट १ जना र जिल्ला समन्वय समिति वा अन्य स्थानीय तहमध्येबाट कम्तिमा १ जना गरी एक जिल्लाबाट कम्तिमा २ प्रशिक्षकहरू यस सचिवालयबाट सञ्चालित क्षेत्रीयस्तरको प्रशिक्षक प्रशिक्षणबाट प्रशिक्षित हुनुभएको व्यहोरा तहाँ विदितै छ ।

उपरोक्तानुसार प्रशिक्षित जिल्लास्थित प्रशिक्षकहरूसँग समन्वय गरी जिल्लामा रहेका सबै स्थानीय तहलाई यसैसाथ संलग्न प्रशिक्षण सञ्चालनका लागि स्वीकृत नर्म्स बमोजिम प्रशिक्षित गर्नका लागि तपशील बमोजिम प्रयोगात्मक प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था हुन यस सचिवालयको मिति २०७४/११/२० को निर्णयानुसार अनुरोध छ ।

**तपशील**

१. जिल्ला भित्र रहेका प्रत्येक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा वार्षिक कार्यक्रम तथा योजना तर्जुमाको कार्यमा संलग्न कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख गरी २ जनाका दरले प्रशिक्षार्थी सहभागी गराउनु पर्नेछ ।
२. सूत्र प्रणाली सञ्चालनको प्रयोगात्मक प्रशिक्षण जिल्ला सदरमुकाम वा जिल्लाभित्रका सबै स्थानीय तहलाई पायक पर्ने स्थानमा सञ्चालन गर्नु पर्नेछ ।
३. सूत्रको जिल्लास्तरीय प्रशिक्षण २०७४ चैत महिना भित्र उपयुक्त मितिमा सम्पन्न गरिसक्नु पर्नेछ । प्रशिक्षण मिति तय गरेको जानकारी प्रशिक्षण सञ्चालन हुनुभन्दा एक हप्ता अघि सचिवालयको इमेल info@pefa.gov.np वा नर्म्समा उल्लिखित तालिम व्यवस्थापकको इमेल वा फोनबाट सचिवालयमा गराउनु पर्नेछ ।
४. प्रशिक्षण सञ्चालन तथा व्यवस्थापनका लागि स्वीकृत भएको नर्म्स तथा सुविधा सम्बन्धी विवरण कोलेनिकाको आधिकारिक इमेल ...dtco@fcgo.gov.np बाट पठाइएको छ ।
५. प्रशिक्षण सञ्चालन कार्यतालिका तथा प्रशिक्षण सञ्चालनका लागि आवश्यक सामाग्री सूत्रको वेभसाईटबाट उपलब्ध हुनेछ । प्रशिक्षकहरूले सोही सामाग्री प्रयोग गरी प्रयोगात्मक रूपमा प्रशिक्षण गराउनु पर्नेछ ।

..............
मुरारी निरौला
सदस्य सचिव